नेपाल सरकार
# रक्षा मन्त्रालय

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फयाक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

माननीय रक्षा मन्त्री श्री मानवीर राईले जर्मनीको बर्लिनमा यही मिति २०८२ वैशाख ३० र ३१ गते (तदनुसार सन् २०२५ मे १३-१४) आयोजित UN Peackeeping Ministerial, 2025 मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागिता जनाउनु भएको छ। असीभन्दा बढी देशका रक्षा तथा परराष्ट्रमन्त्रीहरूको सहभागिता रहेको उक्त उच्चस्तरीय सम्मेलनमा माननीय मन्त्री राईले नेपालको तर्फबाट मन्तव्य राख्नुहुँदै संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरूले विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकहरूमा शान्ति, सुरक्षा र मानवीय सहायताहरू सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको तथा यस क्रममा नेपाली शान्ति सैनिकहरूले उल्लेख्य योगदान पु¥याएको कुरा बताउनु भयो। माननीय मन्त्रीज्यूले संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा नेपालको लामो समयदेखिको अविचलित प्रतिबद्धता रहेको कुरा बताउनुहुँदै हाल विभिन्न ११ वटा शान्ति मिसनहरूमा छ हजारभन्दा बढी शान्ति सैनिकहरू पठाई शान्ति सेना खटाउने मुलुकहरूमा नेपाल अहिले पहिलो स्थानमा रहेको कुरा राख्नुभयो। उहाँले संयुक्त राष्ट्रसंघको आह्वानमा नेपालले सन् १९५८ देखि नै विना कुनै शर्त निरन्तर शान्ति सैनिकहरू खटाउँदै आएको र संयुक्त राष्ट्रसंघको अनुरोधमा नेपाल आगामी दिनमा दशहजारसम्म शान्ति सैनिकहरू खटाउन तयार रहेको प्रतिबद्धता जाहेर गर्दै नेपाल Rapid Deployment Level Workshop आयोजना गर्नसमेत तयार रहेको कुरा व्यक्त गर्नुभयो। उहाँले द्वन्द्वग्रस्त मुलुकहरूमा यौन शोषण र दुर्व्यवहारमा परेका पीडितहरूको लागि सहयोग गर्न नेपालले संयुक्त राष्ट्रसंघको ट्रष्ट फन्डमा अमेरिकी डलर १६ (सोह्र) हजार योगदान गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

सम्मेलनमा माननीय मन्त्रीज्यूले राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यअन्तर्गत उच्च नेतृत्व तहमा समेत रही नेपालले काम गर्ने अवसर प्राप्त गर्ने अपेक्षा राखेको कुरा व्यक्त गर्नुभयो। उहाँले संयुक्त राष्ट्रसंघको नेतृत्वमा शान्ति मिसनहरूको प्रभावकारिता अभिवृद्धिका लागि भइरहेका प्रयासहरूमा नेपालको पूर्ण साथ र सहयोग रहेको कुरा राख्नुहुँदै हाल शान्ति स्थापना कार्यको सुधार र सबलीकरणका लागि भइरहेका प्रयासहरूको सह्राहना गर्नुभयो। माननीय मन्त्रीज्यूले शान्ति स्थापना कार्यमा खटिने मिसनमा महिलाहरूलाई सहभागी गराउने विषयलाई नेपालले उच्च महत्त्व र प्राथमिकता दिई कार्यान्वयन गर्दै आएको कुरा बताउनुभयो। उहाँले राष्ट्रसंघीय शान्ति स्थापना कार्यलाई थप बलियो, सुरक्षित र प्रभावकारी बनाउन सबैको सामूहिक प्रयास आवश्यक रहेको कुरामा जोड दिनुभयो।

नेपाल सरकार
# रक्षा मन्त्रालय

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९
४२११२८७
४२११४८७
४२११२९०
४२११०९५
४२११६५३
४२११२८५
४२११२९६
४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

सम्मेलनको अवसरमा माननीय मन्त्रीले Human Rights and Head of Office of the High Commissioner for Human Rights (OHCHR) का Assistant Secretary General Ms. Ilze Brands Kehris सँग द्विपक्षीय भेटघाट गर्नुभयो। भेटका अवसरमा माननीय मन्त्रीज्यूले अन्तर्राष्ट्रिय मानव अधिकार र अन्तर्राष्ट्रिय मानव अधिकार कानूनलाई आफू संलग्न रहेको सबै शान्ति स्थापना कार्यमा पूर्णरूपमा पालन गर्न नेपाल प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नुभयो। Assistant Secretary General Ms. Ilze Brands Kehris ले शान्ति सैनिक खटाउने मुलुकहरूमा पहिलो स्थानमा रही अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा महत्त्वपूर्ण योगदान गरिरहेकोमा नेपालको प्रशंसा गर्नुहुँदै यस क्षेत्रमा नेपालले नमूनाको रूपमा काम गर्नसक्ने सम्भाव्यता रहेको कुरा व्यक्त गर्नुभयो।

यसैगरी माननीय रक्षा मन्त्री र चीनका रक्षा मन्त्री H.E. Dong Jun बीच शिष्टाचार भेटघाट भई राष्ट्रसंघीय शान्ति स्थापना कार्यमा रहेका दुवै मुलुकका साझा सरोकारका विषय लगायत द्विपक्षीय हितका विषयहरूमा छलफल भयो।

नेपाली प्रतिनिधिमण्डलमा जर्मनीका लागि नेपालका महामहिम आवासीय राजदूत डा. शैल रूपाखेती, संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि/राजदूत श्री लोकबहादुर थापासहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय तथा नेपाली सेनाका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो।

२०८२ जेठ २ गते

मनोजकुमार आचार्य
सहसचिव एवं प्रवक्ता